# <u>प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७८</u>

प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्ले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि, २०७६ को दफा १२ मा संशोधनः</u>** प्राविधिक जनशक्ति सेवा करारमा छनौट गर्ने सम्बन्धी कार्यविधि, २०७६ को दफा १२ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सेवा करारमा नियुक्त कर्मचारीको पदावधि छ महिनाको हुनेछ र सेवा करारमा रहेका कर्मचारीद्वारा सम्पादित कार्य सन्तोषजनक रहेमा, कार्यालयलाई सो पदको सेवा आवश्यक भएमा र त्यस्तो पदमा स्थायी पूर्ति नभएको अवस्थामा सम्बन्धित मन्त्रालयले एक पटकमा छ महिनामा नबढ्ने गरी सेवा करारको म्याद थप गर्न सक्नेछ।"

(२) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सेवा करारमा रहेका कर्मचारीको म्याद थप गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सहमति लिनु पर्नेछ।"